# नवदुर्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मणिलेक डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प. सं. २०८०।०८१ मिति २०८०।०९।०२

च. नं.

**सुरक्षित नागरिक आवास कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्वन्धि सूचना ।**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकामा चालु आ. व. २०८०।०८१ मा संचालन हुने सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा गरिवीको रेखामुनी रहेका, घरको छाना पराल,खर,स्याउला आदिले छाएका घरधनीहरुलाई जस्ताले छाएको छाना मुनि ल्याउने कार्यक्रम रहेकोमा यो सुचना प्रकाशित भएको मितिले १० भित्र आफु बसोवास रहेको वडा कार्यालयमा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ बमोजिम तपशिल बमोजिमका कागजात सहित आवेदन पेश गर्न हुन सम्वन्धित सवैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

पुष्पराज जोशी
नि. प्रमुख प्रशासकीय अधिकृत

तपशिल :

१.लाभग्रहीको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

२.लाभग्राहीको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

३.घरको अवस्था झल्किने /देखिने घरको फोटो

४.लाभग्राही स्वयंले भरेको अनुसुची बमोजिमको हस्ताक्षर सहितको निवेदन

५.सम्वन्धित वडा कार्यालयको सिफारिस

**पुनश्च : अनुसुची बमोजिमको लाभग्राहीले पेश गर्ने आवेदन सम्वन्धित वडा कार्यालय बाट नि:शुल्क उपलब्ध गराईनेछ ।**

**E-Mail:** nawadurgaruralmun@gmail.com**Website:** www.navadurgamun.gov.np
Web E-mail: info@navadurgamun.gov.np**Facebook** Page: Nawadurga Gaupalica

"शिक्षा स्वास्थ्य कृषि पर्यटन र पर्वाधार
नवदुर्गा गाउपालिका विकासको मुलआधार"

मिति : २०७ / /

श्री ........................................ नगरपालिका/गाउँपालिका,

............... नं. वडा कार्यालय, ................................. ।

**विषय : सुरक्षित नागरिक आवास निर्माण सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा "सुरक्षित नागरिक आवास कार्यक्रम" अन्तर्गत त्यस ................................ नगरपालिकाको वडा कार्यालयबाट मिति ............................ मा प्रकाशित सुचना बमोजिम "सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ (पहिलो संशोधन)" को परिच्छेद २ को दफा ३/४ को लक्षित वर्ग एवं लाभग्राहीको छनौटका आधारहरु (Criteria) भित्र आफु पनि पर्ने भएकोले मेरो पनि घरको स्थलगत निरीक्षण गरी मेरो घर परिवारलाई जस्ता पाताको छाना मुनि ल्याउने गरी बसोबासको व्यवस्था मिलाई दिन हुनको लागि तपसिलका कागजातहरु यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु । मैले पेश गरेको प्रमाणहरु सही छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझौला ।

तपसिल

| क्र.सं. | संलग्न कागजातहरुको विवरण | कैफियत |
|---|---|---|
| १. | नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि | छ ☐/छैन ☐ |
| २. | लाभग्राही बसोवास गर्दै आएको घरको छाना पराल/खर/स्याउला/आसवेसटस आदि पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामग्रीबाट छाएको प्रमाणित प्रतिलिपि | छ ☐/छैन ☐ |
| ३. | गरिवीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घर परिवार भएको प्रमाणित प्रतिलिपि | छ ☐/छैन ☐ |
| ४. | जग्गा धनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रमाणित प्रतिलिपि | छ ☐/छैन ☐ |
| ५. | बिगतदेखि त्यस स्थानमा स्थाई बसोवास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि | छ ☐/छैन ☐ |
| ६. | प्रकोपका कारण घरवार विहीन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिशको प्रमाणित प्रतिलिपि | छ ☐/छैन ☐ |
| ७. | गरिवीको रेखा मुनी रहेका लाभग्राहीको सम्वन्धमा स्थानीय तहको सिफारिशको प्रमाणित प्रतिलिपि | छ ☐/छैन ☐ |
| ८. | विवरण खुल्ने अन्य कुनै प्रमाण भए सो को प्रमाणित प्रतिलिपि | |

**निवेदकको :**

सही :...................................

नाम थर :...............................

बुवा/पति/पत्नीको नाम :........................

बाजे/ससुराको नाम :........................

जिल्ला :..........................................

न.पा. :........................................................... वडा नं. .............

गाउँ/टोल :......................................

सम्पर्क मोवाइल नम्बर :

| निवेदकको औठा छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

*नोट : एउटै चुल्होमा पकाएर खाना खाने तथा एउटै घरको छाना मुनी बस्ने परिवारका सबै सदस्यहरुलाई सगोलका परिवार मानिने छ । खाना पकाउने अर्को चुल्हो भएको र छुट्टिएर अर्को घरमा बसेकाहरुलाई सगोलको परिवार मानिदैन । एउटा सगोलको परिवारले एउटा फर्ममात्र भर्न पाइने छ । झुटो विवरण पेश गरेको पाईएमा सो कार्यक्रमबाट बंचित गरी कानुनी कारवाही गरिनेछ ।*